नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

## वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गराउने स्वास्थ्य संस्था खारेज गरिएको सूचना

मितिः २०८२।०२।१९

वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने गरी यस मन्त्रालयमा सूचीकृत भएको देहायका स्वास्थ्य संस्थाले वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५क. को उपनियम (८) तथा वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमन सम्बन्धी कार्यविधि, २०७२ को दफा ४ को उपदफा (१) बमोजिम सूचीकरण नवीकरण भएको मितिदेखि तेस्रो वर्षको पौष एक गतेदेखि पौष मसान्तसम्म र विशेष कारण परी सो समयभित्र नवीकरणको निवेदन दिन नसकेमा सोको कारण खुलाई थप पन्ध्र दिनभित्र नवीकरणको लागि निवेदन दिनुपर्नेमा उक्त समयावधिभित्र नवीकरणको लागि निवेदन पेश नगरेको हुँदा विशेषज्ञ समितिको सिफारिस बमोजिम स्पष्टीकरण माग भएकोमा एक संस्थाले स्पष्टीकरण पेस नै नगरेको र बाँकी दुई संस्थाले पेस गरेको स्पष्टीकरण सन्तोषजनक रहेको नदेखिएको हुँदा ऐ. नियमवलीको नियम ४६क. को खण्ड (ख) बमोजिम विशेषज्ञ समितिको सिफारिसका आधारमा कार्यविधिको दफा ४ को उपदफा (६) बमोजिम त्यस संस्थाको यस मन्त्रालयमा रहेको सूचीकरण खारेज गर्ने गरी मिति २०८२।०२।१२ मा मा. मन्त्रीस्तरबाट निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | गोल्डेन गेट पोलिक्लिनिक एण्ड डाईवेटिज सेन्टर प्रा. लि. | नखु, ललितपुर। | स्पष्टीकरण पेस गरेको। |
| २. | मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल | स्वयम्भू, काठमाडौं। | स्पष्टीकरण पेस गरेको। |
| ३. | रोज ईन्टरनेशनल मेडिकल सर्भिसेज प्रा. लि. | गोंगबु, काठमाडौं। | स्पष्टीकरण पेस नगरेको। |